# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विदुर, नुवाकोट
## बाग्मती प्रदेश, नेपाल

आ.व. २०७७/०७८ को लागि ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी स्लेट, खरिढुंगा, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको उत्खनन्, संकलन, आन्तरिक बिक्री तथा बाह्य कर र कवाडी तथा अन्य सामाग्रीको निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागी
बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०२/२५)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधी/नियमावली, विदुर नगरपालिकाको छैठौ नगरसभाको निर्णय समेत भएको व्यवस्था बमोजिम विदुर नगरपालिका, विदुर, नुवाकोटको क्षेत्राधिकारभित्र पर्ने तादी, त्रिशुली, सलाखु, फलाखु, सामरी नदी/ खोला, गेर्खुखोला आसपासमा हाल सञ्चालन रहेको निजी तथा सार्वजनिक क्यारी खोल्साखोल्सीबाट निकालिएका खानीका नदी जन्य तथा खानीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, माटो, वालुवा, ग्राभेल, रोडा, ह्युमपाईप, ईटा, काठ माटो, स्लेट आदिमा आ.व.२०७७/०७८ को लागि प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाण मध्ये नियमानुसार देहायको परिणाममा ढुङ्गा, गिट्टी, माटो, वालुवा, ग्राभेल, रोडा, ह्युमपाईप, ईटा, काठदाउरा, माटो, बिछ्याउने स्लेट आदी कवाडीको वस्तुको निकाशी कर संकलन सम्बन्धी कार्यहरु गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको राजस्व शाखाबाट नगदी रसिद लिई वा यस कार्यालयको नेपाल बैंक लि., त्रिशुली शाखामा रहेको खाता नं. ०२६०३००००१००१००००४ मा (फिर्ता नहुनेगरी) रु. १००००।०० (अक्षरुपी दश हजार) नगद जम्मा गरेको भौचरको स्क्यान कपी र हालसम्म नवीकरण भएको इजाजत-पत्र र आयकर दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०७५/७६ को कर चुक्ताको प्रमाण सहित बोलपत्र फाराम भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेसम्म आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम नेपाल बैंक लि. त्रिशुली शाखामा रहेको धरौटी खाता नं. ०२६०३००००३०००००००४ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्न सकिनेछ । रितपूर्वक पर्न आएका बोलपत्र फारामहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २:०० बजे बोलपत्रदाता वा नीजको प्रतिनीधि र नेपाल सरकारका कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा नीजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । नगरपालिकाबाट पारित भएका करका दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ । र अन्य बिस्तृत जानकारीको लागि यस कार्यालयको राजश्व शाखामा वा फोन नं. ०१०-५६०४६९ मा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण शीर्षक | उत्खनन् परिमाण (घ.मी.) | कुल न्यूनतम कबोल अंक (मु.अ.क. बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| BM/NCB/ Revenue/ 02-2076-077 | विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली, तादी, फलाखु, सलाखु, सामरी, गेर्खु नदी/ खोलाहरु तथा अन्य आसपासका क्षेत्रभित्र हाल सञ्चालित खानीहरुबाट संकलन र विक्री हुने ढुंगा, गिट्टी, इट्टा, काठ, वालुवा, ग्राभेल, स्लेट ढुंगा, ब्लक, हयुम पाइप, रिङ, माटो, सिमेन्ट टायल आदि नदीजन्य तथा खानीजन्य पदार्थहरु, कवाडी र अन्य वस्तुहरु संकलन, विक्री तथा निकासी कर असुल गर्ने ।<br>क) वालुवा, ढुंगा, गिट्टी, ग्राभेल संकलन र विक्री कर प्रति क्यु.फि. रु. ९।०० को दरले रु. ८,८७,४५,०००।००<br>ख) ईट्टाको लोकल प्रति गोटा रु. ०।२५ दरले<br>ग) काठको बाह्य निकासी<br>घ) ब्लक/स्लेट ढुंगा/ह्युम पाईप/रिङ बाह्य निकासी<br>ङ) कवाडी तथा अन्य वस्तूमा निकासी कर<br>(सि.नं. ख, ग, घ, ङ वापत रु. १२,५५,०००।००) | २७९,४९४ | ९,००,००,०००।०० | ?=10,000. |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजेसम्म उल्लेखित सबै कागजातहरु भ्दष्मष्लन मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालय EGP Portal www.bolpatra.gov.np/egp मा विद्युतीय खरिद प्रणालीको निर्देशिका २०७४ बमोजिम बोलपत्र पेश गर्नु पर्नेछ ।

२. नेपाल सरकारबाट भएको निर्णय, जारी गरिएको नयाा ऐन नियमको अधिनमा रहि कार्य गर्नुपर्नेछ । साथै नेपाल सरकार र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

३. ठेकेदार र नगरपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भै सम्झौता हुादा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त र बन्देज समेत पालना गर्नुपर्नेछ ।

४. फर्मले कबोल गरेको अंकको मु.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा बुझाई सोको विवरण प्रत्येक चौमासिकमा भुक्तान भएको महिना दिनभित्रै नगरपालिकामा बुझाउनु पर्नेछ । अन्य कर शुल्क लागेमा ठेकेदार आफैले असुल गरि प्रचलित कानुन बमोजिम दाखिला गर्नुपर्नेछ ।

५. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ । सो नभए प्रथम किस्ता बापतको ४० प्रतिशत रकम (मु.अ.कर समेत) सम्झौता गर्दाको बखत र बाांकी ६० प्रतिशतले हुने रकम ( मु.अ. कर समेत) २०७७/७८ को आषाढ मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैाकबाट मान्यता प्राप्त वाणिज्य बैाकबाट जारी गरिएको बैाक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट बाांकी रहेको किस्ता बैाक ग्यारेन्टीबाट असुल उपर गर्ने गरि कानुनी प्रक्रिया अपनाईनेछ । असुल गर्न बाांकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असुल उपर गर्न सकिनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

८. काठ निकासीमा नगरमा उत्पादन भै बाहिर निकासी हुनेमा मात्र सम्बन्धित डिभिजन वन कार्यालयको चलानी अनुसार कर असुल गर्नु पर्नेछ ।

९. ईट्टाको हकमा नगरमा उत्पादित स्थानीय इट्टामा मात्र कर संकलन गर्न पाईनेछ ।

१०. उठाइने करका दरहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

११. बोलपत्र फाराम खरिद गर्ने र पेश गर्ने दिनहरुमा बिदा परेमा सो को भोलिपल्टलाई तत् कार्यको लागि अन्तिम दिन मानिनेछ ।

१२. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं नगर भित्र बसोबास गर्ने कुनै नागरिकहरुले निर्माण गर्ने घरवास र विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक भवनहरुमा नदी किनारबाट मानिस आफैले उत्खनन् गरि सिधै उपभोग गर्ने निर्माणमुखि वस्तुहरुमा कुनै पनि कर लिन पाईने छैन ।

१३. नगर भित्र खपत हुने वस्तुमा निकासी कर लिन नपाईने, काठ, ईट्टा, ब्लक टायल, ह्युम पाईप जस्ता तयारी वस्तुमा र खानीबाट उत्पादन भै निकासी हुने वस्तुमा कर लिन पाईने छैन ।

१४. कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१५. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नुपर्नेछ । अन्य कुनै कम्पनी वा फर्मको नामबाट पेश गरेको बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।

१६. ठेक्का अवधी नगरपालिकासाग सम्झौता भएको मितिले २०७८ अषाढ मसान्त सम्म रहनेछ । विशेष कारणबस अमानतबाट आय संकलन गर्नुपर्ने अवस्था भएमा ठेक्का सम्झौता भएको मिति भन्दा अगाडी संकलन भएको रकम घटाइ कुल कबोल अंकको बाँकी रकम र बाांकी अवधीको लागी ठेक्का सम्झौता गरिनेछ ।

**सूचनामा उल्लेख भएकोमा यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**